गतिशील सिद्धान्तहरु

पाष्टरीय तालीम पुस्तिका

४२

तालीम र वृद्धि

T&M ®

जसै हामी इसाई विश्वासका यी गहन सत्यहरुबारे अध्ययन गर्नेछौं अनि सिकाउने काम गर्छौं, हामीलाई सबै सत्यमा डोऱ्याउनु हुने पवित्र आत्माबाट प्रकाश पाउन सकौं भनी हामी प्रार्थना गरौं । (यूहन्ना १६:१३)

परमेश्वर र उहाँको प्रकाश

त्रिएक

एउटै मात्र सत्य परमेश्वर हुनुहुन्छ । धर्मशास्त्रमा, परमेश्वर लाई तीन व्यक्तिहरुमा चिनिन्छ । "त्रिएक" भन्नाले "एउटैमा तीन" (पिता परमेश्वर, पुत्र परमेश्वर, पवित्र आत्मा परमेश्वर) भन्ने बुझिन्छ । उनीहरु शक्ति र सिद्धतामा बराबर छन् ।

परमेश्वर एउटै हुनुहुन्छ ।
(मर्कूस १२:२९-३०)

परमेश्वर को हुनुहुन्छः

- पिता (१ कोरन्थी ८:६)
- पुत्र (यूहन्ना १:१,१४ अनि ४९)
- पवित्र आत्मा (यूहन्ना १५:२६)

यी तीन संयुक्त अनि अविभाज्य व्यक्तिहरुले सँगसँगै काम गर्दछन् । (१ कोरन्थी १२:३-६, २ कोरन्थी १३:१४, १ पत्रुस १:२)

त्रिएकका व्यक्तिहरु एक अर्काबाट अलग रुपमा अस्तित्व कायम राख्दैनन् । "यहोवाका साक्षीहरु" ले येशू पितासमान परमेश्वर हुनुहुन्छ भनेर विश्वास गर्दैनन् ।

येशू खीष्ट परमेश्वर हुनुहुन्छ, पिता र पवित्र आत्मा समान हुनुहुन्छ ।

- मत्ती १:२३, २८:१७-१९
- मर्कूस १४:६१-६२,
- यूहन्ना १:१-३, १७:५

- फिलिप्पी २:५-११,
- कलस्सी १:१५-१९, २:९-१०,
- हिब्रू १:८,

पिता, पुत्र अनि पवित्र आत्मामा त्यही गुणहरु पाइन्छन्:

- परमेश्वर पवित्र हुनुहुन्छ (यशैया ६:३),
- परमेश्वर एक हुनुहुन्छ (व्यवस्था ६:४),
- परमेश्वर जीवन हुनुहुन्छ (यूहन्ना ५:२६)
- परमेश्वर कहिल्यै परिवर्तन हुनुहुन्न (याकूब १:१७),
- परमेश्वर अनन्त हुनुहुन्छ (१ तिमोथी ६:१६),
- पिता, पुत्र अनि पवित्र आत्माले सोंच्नुहुन्छ, महसूस गर्नुहुन्छ अनि इच्छालाई चलाउनुहुन्छ (भन्नुको तात्पर्य, त्रिएकका हरेक सदस्यमा कुनै पनि व्यक्तिमा हुने चरित्रहरु पाइन्छन्) (प्रस्थान ३:१४),
- परमेश्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८),
- सिद्ध (मत्ती ५:४८),
- सत्य (१ यूहन्ना ५:२०),
- शक्ति (उत्पत्ति १७:१),
- परमेश्वर हरेक ठाउँमा हुनुहुन्छ ("सर्वव्यापी") (१ राजा ८:२७),

- परमेश्वरले सबै कुरा जान्नुहुन्छ (उहाँ “सर्वज्ञानी” हुनुहुन्छ) (हिब्रू ४:१३),
- परमेश्वर एकदमै न्यायी हुनुहुन्छ (व्यवस्था ३२:४)।

यी गुणहरु, अथवा चरित्रहरु, परमेश्वरको अस्तित्वको निम्ति प्रमुख तत्त्वहरु हुन् । केही हदसम्म ता उहाँले यी गुणहरु आफ्ना सृष्टिलाई पनि उपलब्ध गराउनु भएको छ । उदाहरणको लागि, मानव जातिले प्रेम गर्दछ किनकि उहाँले आफ्नै स्वरुपमा मानिसलाई सृष्टि गर्नुभयो, अनि उहाँ नै सिद्ध प्रेमको एक मात्र श्रोत हुनुहुन्छ । परमेश्वर प्रेम हुनुहुन्छ ।

पिता, पुत्र, अनि पवित्र आत्माले सबै थोक शुन्यबाट नै बनाउनु भयो । उहाँ नै सर्वोच्च न्यायकर्ता, पवित्र, सर्वशक्तिमान अनि सबै प्रेम, आराधना अनि आज्ञापालनको योग्य हुनुहुन्छ ।

मानिसको लक्ष्य परमेश्वरलाई महिमा दिनु र उहाँलाई सदैव खुशी पार्नु हो । हामीले उहाँको ठाउँमा कुनै मूर्ति, व्यक्ति अथवा आराधनाको वस्तु राख्न सक्तैनौं । हामी पुत्रको नाउँमा, पवित्र आत्माद्वारा, पितालाई प्रार्थना चढाउँछौं । (मत्ती ६:९, यूहन्ना १६:२४, एफिसी ६:१८)

पिता परमेश्वर

पिताले गर्नुहुने केही कामहरु:

- उहाँको काम गर्न पुत्र र पवित्र आत्मा पठाउनु भयो ।
  - यूहन्ना १४:१६, अनि २६
  - यूहन्ना १७:८ अनि १८

- सारा अनन्त नियम अनि उहाँको योजनाअनुसार जो घटनाहरु घट्नेवाला छन् ती सबैलाई नियुक्त गर्नुभयो ।

  - यशैया १४:२६-२७
  - यशैया ४६:९-१३
  - मत्ती २६:४२
  - रोमी ८:२८-३०
  - एफिसी १:११
  - एफिसी ३:१०-११

पुत्र परमेश्वर, एउटै उद्धारकर्ता

परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो उहाँले आफ्नो एक मात्र पुत्र दिनुभयो, जो मानिस बन्नुभयो । उहाँले सिद्ध आज्ञाकारितासँग परमेश्वरको नियम पूरा गर्नुभयो । संसारमा हरेकले भोग्नु पर्ने डरलाग्दो सजायको मोल उहाँले आफ्नो जीवनको बलिदान दिनुभएर तिर्नुभयो । उहाँले पापी मानवको निम्ति क्रूसमा दुःख भोग्नुभयो । (यूहन्ना ३:१६)

येशू मूर्दाबाट बौरी उठ्नुभयो अनि स्वर्गमा चढी जानु भयो । (लूका २४:३४,५१) उहाँ परमेश्वर पिताको दाहिने हातपट्टि बस्नुभएको छ । त्यहाँ, उहाँले सबै विश्वासीहरुको निम्ति अन्तरविन्ती गर्नुहुन्छ । (रोमी ८:३४)

उहाँ नै परमेश्वर र मानिसको बीचमा एक मात्र मध्यस्थ हुनुहुन्छ । (१ तिमोथी २:५)

येशू खीष्ट परमेश्वर हुनुहुन्छ । उहाँ मानिस पनि हुनुहुन्छ । (१ कोरन्थी १५:२१-२२, रोमी ५:१५) उहाँ आधा परमेश्वर अनि आधा मानिस हुनुहुन्छ, तर सिद्ध परमेश्वर अनि सिद्ध मानिस हुनुहुन्छ ।

उहाँमा ईश्वरीय र मानव, दुइ पूर्ण स्वभावहरु, छन् । ती दुवै स्वभावहरु एउटै व्यक्ति, येशू, मा रहेका छन् । यसैकारण, उहाँले हामीलाई पनि परमेश्वरसँग मिलाप गराउनुहुन्छ । (यूहन्ना १४:९, १७:२१-२३) हाम्रो जीवन र मृत्युमा हाम्रो निश्चित आशा यही छ कि हामी प्रभु येशू खीष्टका भएका छौं । (यूहन्ना १०:२८)

परमेश्वर पवित्र आत्मा

जसले खीष्टमा विश्वास गर्दछन् तिनीहरुलाई परमेश्वरले उहाँको पवित्र आत्मा दिनुहुन्छ। (प्रेरित २:३८, एफिसी १:१३) पवित्र आत्माले हामीलाई नयाँ जीवन दिनुहुन्छ (यूहन्ना ३:३-८), खीष्टको अनन्त देहमा बप्तिस्मा दिनुहुन्छ (१ कोरन्थी १२:१३) अनि हामीलाई परमेश्वरको सम्पत्तिको रुपमा छाप लाउनु हुन्छ। (एफिसी १:१३-१४) पवित्र आत्मा हामीमा भरिनुहुन्छ, अनि उहाँले हामीलाई परमेश्वरको सेवा गर्ने सामर्थ्य र वरदानहरु दिनुहुन्छ। खीष्टले हामीमा जे गर्नुहुन्छ, उहाँले पवित्र आत्माद्वारा गर्नुहुन्छ, जसले हामीलाई खीष्टको स्वरुपमा सिद्ध तुल्याउनु हुनेछ।

पवित्र आत्मासम्बन्धी प्रमुख बाइबलीय खण्डहरु:

- उहाँको काम (यूहन्ना १४-१६)
- हाम्रो आत्मासित उहाँको साक्षी (रोमी ८),
- पेन्तिकोसको दिनमा उहाँ आउनु भएको (प्रेरित २),

- उहाँका फल (हामीमा उत्पन्न गर्न चाहनु हुने ती गुणहरु, गलाती ५:२२-२३)

- उहाँका वरदानहरु । (रोमी १२:४-८, १ कोरन्थी १२ अनि १४)।

बाइबल

मण्डलीमा चाहिने सिद्धान्त सिकाउन अनि अभ्यास गर्नको निम्ति बाइबल नै सर्वोच्च अधिकार हो । पवित्र आत्माद्वारा अगुवाइ पाएको विश्वासीले आफ्नो आत्मिक उन्नतिको निम्ति बाइबल अध्ययन र व्याख्या गर्दछ अनि ऊ अरुहरुलाई पनि सिकाउन सक्षम बन्दछ । (२ तिमोथी २:२)

बाइबल परमेश्वरको वचन हो । परमेश्वर स्वयं बोल्नु भएको हो । उहाँको पवित्र आत्माले मानव लेखकहरुलाई प्रेरित गर्नुभयो, जसले सत्य कुराहरु लेखे । यो मानव जातिको निम्ति परमेश्वरको सन्देश हो । हाम्रो निम्ति उहाँको प्रकाश पूर्ण छ, हामीले यसमा थप्न पनि सक्दैनौं, अनि यसबाट निकाल्न पनि सक्दैनौं (प्रकाश २२:१८-१९) । अरु

पुस्तकहरुले हामीलाई आत्मिक रुपमा निर्माण गर्न सहयोग गर्न सक्छ, तर तिनीहरु परमेश्वरबाट प्रेरित भएका होइनन्, अनि तिनीहरुमा बाइबलको जत्तिकै अधिकार छैन ।



"सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।"

(२ तिमोथी ३:१६-१७)

परमेश्वरलाई जान्न अनि उहाँको इच्छा पालन गर्न, निश्चित रुपमा दिनहुँ बाइबलको एक खण्ड पढ्नोस् अनि मनन गर्नोस् ।

सारांश – परमेश्वरले आफूलाई तीन प्रकारले प्रकट गर्नुहुन्छ

- उहाँको पुत्रमा (हिब्रू १:१-३)
- विश्वासीहरुको निम्ति उहाँको वचनमा (भजन १९:७-१०, रोमी १०)
- हाम्रो मानव स्वभाव सहितको यो प्रकृतिमा (भजन १९:१-७, रोमी १:१९-२०, अनि २:१४-१५)

पुनरुत्थानमा हामी खीष्टलाई, परमेश्वरको सिद्ध प्रकाशलाई, आमने-सामने देख्नेछौं । (१ कोरन्थी १३:१२, १ यूहन्ना ३:२)

उद्धार

उद्धार भन्नाले हाम्रा प्रभु येशू खीष्टको मृत्यु र पुनरुत्थानद्वारा पापको शक्ति र दोषी-भावना, अनि मृत्युबाट छुटकारा पाउनु हो ।

मानिस - उसको पतन र दोषी भावना

पहिलो मानिसको सृष्टि सिद्ध रुपमा भएको थियो, तर ऊ उसलाई बनाउनु हुनेप्रति अनाज्ञाकारी बनेर पापमा पतित हुन पुग्यो । (उत्पत्ति २ र ३) हामी, आदमका सन्तानहरु, विद्रोही पापीहरु हौं । हामीमा पतित स्वभाव भएको कारण हरेक पापी पापको दोषी र परमेश्वरको न्यायको भागी छ । (रोमी ५:१२-१९)

परमेश्वरको वचन जानेर हामीले आफ्ना पाप चिन्न सक्तछौं । हाम्रो पतित अवस्थामा हामीले उहाँको वचन पालन गर्न सक्तैनौं (रोमी ३:२०, ७:७)।

आदमद्वारा पाप संसारमा प्रवेश भयो (रोमी ५:१२) अनि हामीमा सऱ्यो, तर हामीले कुनै बहाना गर्न सक्तैनौं (रोमी ३:२३), हामी हाम्रा कामहरुको निम्ति जिम्मेवार छौं । "मबाट पाप नहुने कुरै छैन" भनेर हामी भन्नसक्तैनौं । प्रभुले पापलाई घृणा गर्नुहुन्छ । जब हामीले हामीमा भएको गहन दोषी भावनालाई महसुस गर्दछौं, अनि हामी दोषी ठहरिएका छौं भनी जान्दछौं, हामीले मुक्तिको खाँचो महसुस गर्दछौं ।

किन हामीले हाम्रो पापको दोष आदममाथि लाउन सक्तैनौं ?

मृत्युपछि न्याय आउँछ । (हिब्रू ९:२७) हामी यो संसार केवल एकै पटकलाई छौं । "पुनर्जन्म" को आशा चाहिँ शैतानको छल मात्र हो । मरेपछि जानुपर्ने आ-आफ्नो गन्तव्यलाई मानिसहरुले बदल्न सक्तैन ।

आदम र प्रभु येशू ख्रीष्टका सन्तानबीच विभिन्नता छ, जसलाई हामी निम्न पाराले हेर्न सक्छौं:

आदमको सन्तान		ख्रीष्टको सन्तान
आदमको पापद्वारा दोषी	१ कोरन्थी १५:२२,२३	प्रभु येशू ख्रीष्टले क्रूसमा गर्नुभएको कामद्वारा पाप-क्षमा
पतित स्वभाव	एफिसी ४:२२-२४, २ कोरन्थी ५:१७-१८	पवित्र आत्माद्वारा शुद्ध पारिएको एक नयाँ स्वभाव
पापहरु	गलाती ५:१९-२४, एफिसी ५:८-१०	असल कार्यहरु
नरक	मत्ती २५:४६, गलाती ६:८	स्वर्ग

मुक्ति

हाम्रो अनन्त मुक्ति केवल उहाँको अनुग्रहद्वारा परमेश्वरको वर दान हो । जब हामीले पश्चाताप गर्दछौं, हामीले ख्रीष्टमा विश्वास राखेको कारण बचाइनेछौं । (रोमी ३:२१-२६) हामी असल कामद्वारा होइन, तर असल कामको निम्ति बचाइएका छौं । (एफिसी २:८-१०)

एक पापी तब बचाइन्छ, जब उसले नयाँ जन्म पाउँछ (यूहन्ना ३:५)। पवित्र आत्माले उसलाई नयाँ जीवन दिनुहुन्छ। नयाँ इसाईले प्रेमसहित परमेश्वरको वचन पालन गर्न चाहन्छ। (यूहन्ना ३:५-८, १४:१५, २ कोरन्थी ५:१७)

किन हामीले "असल कार्यहरु" गरेर आफैलाई बचाउन सक्तैनौं ?

उहाँको मृत्युद्वारा, खीष्टले हाम्रो निम्ति अनन्त क्षमादान प्रवन्ध गरिदिनुभयो, अनि उहाँको पुनरुत्थानद्वारा उहाँको अनन्त जीवनमा सहभागी हुन सम्भव तुल्याउनु हुन्छ। (यूहन्ना १०:२८, रोमी ६:२३) जसरी नूहको जहाजले नूह र उसको परिवारलाई बचायो, त्यसरी नै प्रभु येशूले हामीलाई मृत्युबाट महिमातर्फ लैजानुहुन्छ। (यूहन्ना १४:१-३, कलस्सी ३:४)

विश्वास

पश्चाताप र विश्वासद्वारा हामीले मुक्ति पाउँदछौं । विश्वास पवित्र आत्माले हामीलाई दिनुहुने पूर्ण र विना शर्तको भरोसा हो । पापीले आफ्नो पाप मानिलिन्छ अनि पश्चाताप गर्दै, खीष्टलाई उसको मुक्तिदाता र प्रभु मान्दै, परमेश्वरमा फर्कन्छ ।

साँचो विश्वासले सुसमाचारलाई "स्वीकार" मात्र गर्दैन । हामीभित्र हुनुभएको परमेश्वरको आत्माले हाम्रो पापक्षमा भएको कुरालाई निश्चयता दिनुहुन्छ । परमेश्वरले उहाँको आत्माद्वारा खीष्टमा हामीलाई नवीन पार्नुहुन्छ ।
(तीतस ३:५-६)

काम विनाको विश्वास मरेतुल्य छ। (याकूब २:२६) यो ता पत्याउनु मात्र हो, त्यसभन्दा बढी केही होइन। किनकि जिउँदो विश्वासले ता खीष्टको आज्ञा पालन गर्दछ, अनि उसको निम्ति उहाँले क्रूसमा दुःख भोग्नु भएको निम्ति ऊ अति धन्यवादी बन्दछ। विश्वासद्वारा, हामी खीष्टको पुनरुत्थानमा सहभागी बन्दछौं, अनि नयाँ जीवन शुरु गर्दछौं। (२ कोरन्थी ५:१७, गलाती २:२०)

एफिसी २:८-१० अनुसार

☐ मुक्ति असल काम गरेवापत पाइने उपहार हो।

☐ मुक्तिले असल कामहरु उत्पन्न गर्दछ।



प्रशस्त अनुग्रह

केवल उहाँको अनुग्रह अनि कृपाद्वारा परमेश्वरले हामीलाई क्षमा गर्नुहुन्छ। हाम्रो निम्ति उहाँको प्रेम असीमित छ। यो प्रेम हाम्रो मुक्तिदाताको मृत्युमा देखिन्छ।
(रोमी ५:८, एफिसी १:७-८, अनि २:४-७)

ख्रीष्टको बलिदान अनन्त छ, अनि विश्वासीको मुक्तिको लागि एकदमै प्रभावशाली छ। (रोमी ३:२१-२६, ५:१-२, हिब्रू ९:१२)

कोही पनि उहाँको अनुग्रहको योग्य छैन। हामी सबैले अति पवित्र परमेश्वरको विरुद्धमा पाप गरेका छौं। तर उहाँले, उहाँको महान प्रेममा, अनन्तदेखि नै हामीलाई उद्धारको निम्ति चुन्नुभयो। (एफिसी १:४-६)

किन कसैले परमेश्वरको अघि घमण्ड गर्न सक्तैन ?
(एफिसी २:८-१०)

पवित्रता अनि आज्ञाकारिता

पवित्रताको दुइवटा स्वभावहरु छन्: पहिलो, तुरन्तै हुने, अनि अर्को प्रगतिशील ।

परमेश्वरको अनुग्रहद्वारा, जब हामी परिवर्तन हुन्छौं, तब उहाँले हामीलाई उहाँका सन्तान अनि उहाँको सम्पति तुल्याउनु भएर, यस संसारबाट अलग पार्नुहुन्छ । उहाँको दृष्टिमा, हामी पहिल्यै पवित्र पारिएका छौं । (हिब्रू १०:१०)

त्यसपछि, आत्मिकी उन्नतिको एक प्रक्रिया छ जसमा कुनै पनि सच्चा विश्वासी पापबाट फर्केर परमेश्वरको आज्ञा पालन गर्न अनि झन झन ख्रीष्ट जस्तै बन्दै जान समर्पित बन्दछ । पवित्र आत्माले हामीलाई दिनदिनै सिद्ध बनाउँदै जानुहुन्छ ।

परमेश्वरले हामीलाई पवित्र बनाउनुहुन्छ । यसमा हाम्रो जीवनको प्रत्येक कुरा, हाम्रो चरित्र र चालचलन, समावेश भएको हुन्छ । यसको अर्थ, जबसम्म हामी ख्रीष्टको स्वरुपमा परिवर्तन हुँदैनौं, पुरानो स्वभावलाई "त्याग्ने" अनि नयाँ

स्वभावलाई “धारण गर्ने” प्रक्रिया चलिरहन्छ। जब हामी मर्छौं, अथवा जब खीष्ट आउनुहुन्छ, हामी पवित्रतामा सिद्ध बन्नेछौं, किनकि हामीले खीष्टलाई उहाँ जस्तो हुनुहुन्छ, त्यस्तै देख्नेछौं। (१ यूहन्ना ३:२-३)

पवित्रता पवित्र आत्माको फल हो। यसमा गलाती ५:२२,२३ र एफिसी ५:९ मा भएका गुणहरु समावेश छ:

- प्रेम,
- आनन्द,
- शान्ति,
- धैर्य,
- दया,
- भलाइ,
- विश्वस्तता,
- नम्रता,
- संयम,
- धार्मिकता,
- सत्यता।

यी गुणहरुमध्ये कुन चाहिँ तपाईंको जीवनमा अझ बढी देखिनु खाँचो छ ?

जब परमेश्वरले अवसर दिनुहुन्छ, के तपाईंले सधैं साक्षी दिने काम गर्नुहुन्छ ?

_____

के तपाईंले खुशीसाथ दिनुहुन्छ ? _____

के तपाईंले आफ्नो परमेश्वरलाई तपाईंको सारा हृदयले, सारा प्राणले अनि सारा मनले प्रेम गर्नुहुन्छ, अनि के तपाईंले आफ्नो छिमेकीलाई आफैलाईझैं प्रेम गर्नुहुन्छ ?

_____



हामीले शरीरको कामलाई मार्नै पर्छ ।

(रोमी ८:१३, कलस्सी ३:५)

अनन्त जीवन

मुक्ति अनन्त छ । (यूहन्ना ३:१६, ५:२४, १ पत्रुस १:३-९) यदि तपाईं (ईमान्दार विश्वास र पश्चातापद्वारा) साँच्चै बचाइएको हुनुहुन्छ भने, खीष्टले तपाईंलाई दिनुभएको अनन्त जीवन कहिल्यै अन्त हुनेछैन । (यूहन्ना १०:२७-३०)

हाम्रो अनन्त जीवन हामीमा होइन, तर येशू खीष्टमा भर पर्दछ ।

हामी खीष्टमा बचाइनको निम्ति संसारको उत्पत्तिभन्दा अघिदेखि नै चुनिएका छौं (रोमी ९:११, यूहन्ना १५:१६, एफिसी १:४, प्रेरित १३:४८), अनि केही कुराले पनि हामीलाई उहाँबाट अलग पार्न सक्तैनः नता शैतानले, नता मृत्युले, नता कष्टले, नता अरु केहीले । (यूहन्ना ५:२४, १०:२७-३०, रोमी ८:३५-३९)

पवित्र आत्माले हामीलाई छाप लाउनु भएको छ । छाप भन्नाले हामी परमेश्वरका हौं भन्ने निश्चयता हो । (एफिसी १:१३-१४)

परमेश्वरको योजनाको सारांश

ईश्वरीय चुनाव

हामी संसारको उत्पत्तिभन्दा अघिदेखि नै खीष्टमा चुनिएका छौं । (एफिसी १:४)

पतन

आदम र सबै मानिसहरुले पाप गरे अनि तिनीहरु दोषी ठहरिए । (रोमी ५:१२-२१)

उद्धार

हाम्रा प्रभु येशू खीष्ट हाम्रो पापको दण्ड तिर्न, शैतानको नियन्त्रणबाट स्वतन्त्र पार्न, अनि संसार र शरीरबाट छुटकारा दिनको निम्ति मर्नुभयो अनि ब्युँतनु भयो । अब हामी येशूका भयौं । (२ कोरन्थी ५:१४-२१, एफिसी २:१-१०)

कायल पार्नु

पवित्र आत्माले पवित्र शास्त्र अनि हाम्रो विवेकद्वारा हामीलाई हाम्रो पापको बारेमा कायल पार्नुहुन्छ । (यूहन्ना १६:८-११, रोमी १०:१७)

नयाँ जन्म

जब हामी खीष्टमा विश्वास गर्दछौं, हामी परमेश्वरका सन्तानको रुपमा फेरि जन्मन्छौं । उहाँले हामीलाई उहाँको पुत्र येशू खीष्टको आत्मा दिनुहुन्छ । पवित्र आत्माद्वारा हामी खीष्टको देहमा एक भएका हुन्छौं । (यूहन्ना १:१२, १ कोरन्थी १२:१२-१३, १ पत्रुस १:३-५)

पवित्रता

पवित्र आत्माले हामीलाई खीष्टको स्वरुपमा परिवर्तन गर्नुहुन्छ, उहाँको योग्यको जीवन जिउन सहायता गर्नुहुन्छ अनि हामीलाई असल काम गर्न प्रेरित

गर्नुहुन्छ। हामी आफैलाई परमेश्वरमा समर्पित गर्दछौं, अनि बप्तिस्मा लिने, प्रार्थना गर्ने अनि जस्तै जाँच र कष्ट भए तापनि परमेश्वरको वचन अध्ययन गर्न र पालन गर्न तत्पर बन्दछौं। (यूहन्ना १४:१५, १७:१७, २ कोरन्थी ३:१८, १ पत्रुस १:६-९)

महिमित पारिनु

जब येशू फेरि आउनु हुनेछ, परमेश्वरले हामीलाई परिवर्तन गर्नुहुनेछ, अनि हामीले प्रभुलाई आमने-सामने देख्नेछौं (१ कोरन्थी १३:१२ अनि १५:५१-५४), तर अविश्वासीहरु चाहिँ "दोस्रो मृत्यु" मा जानेछन्। (प्रकाश २०:११-१५)

खीष्टको देह

मण्डली

पश्चाताप गरी परमेश्वरको आत्माद्वारा विश्वास गर्नेहरु सबै मिली खीष्टको देह बनेको हुन्छ जसलाई मण्डली भनिन्छ। एक स्थानीय मण्डली खीष्टको आज्ञा पालन गर्ने विश्वासीहरुको झुण्ड हो।

प्रेरितीय मण्डलीहरु हाम्रो निम्ति एक नमूना हो । उनीहरुमा निम्नलिखित गुणहरु पाइन्छन्:

- उनीहरुले खीष्टलाई उनीहरुको शिरको रुपमा स्वीकार गर्दछन् । (कलस्सी १:१८)

- प्रेरितहरुको शिक्षा गाभिएको धर्मशास्त्र नै उनीहरुको सिद्धान्त र सेवकाइको खास नियम थियो । (प्रेरित २:४२, २ तिमोथी ३:१६-१७)

- हरेक विश्वासीले बप्तिस्मा लिएको थियो, अनि हरेक विश्वासी प्रभुभोजमा सामेल हुन्थ्यो । (प्रेरित २:३७-४३)

- हरेक विश्वासीमा भएको वरदान अनुसार उसको एक सेवकाइ हुन्थ्यो । (रोमी १२:४-८, १ कोरन्थी १२) "सदस्यहरु" भन्ने शब्द बाइबलबाट आएको हो (रोमी १२:४,५), यसको अर्थ शरीरको विभिन्न अङ्ग हो । यदि कुनै विश्वासी "खुट्टा" हो तर त्यो खुट्टाले प्रभुको सेवा गर्दैन भने, त्यो शरीर लङ्गडो भएको छ । त्यो एउटाको अवज्ञाले गर्दा, देहले राम्ररी काम गर्नसक्तैन ।

- तिनीहरुका अगुवा जस्तै “एल्डरहरु” (पाष्टरहरु) अनि “डिकनहरु” ले तिनीहरुलाई व्यावहारिक रुपमा सहयोग गर्नेछन् । (१ तिमोथी ३:१-१३, १ पत्रुस ५:१-४, प्रेरित ६:१-७, १४:२३)

मण्डली भनेको कुनै पनि भवन होइन ।



खीष्टको मण्डली ता मानिसहरु हुन् ।



खीष्टमा एक भएका

बप्तिस्मा

पानीमा लिएको बप्तिस्माले विश्वासीको विश्वास र पश्चाताप बुझिन्छ । पश्चातापी विश्वासीले लिने पहिलो कदम यही हो । (प्रेरित २:३८-४२, ८:१२-१३, ८:३६-३८, ९:१७-१९, १०:४४-४८, १६:१४-१५, १६:३०-३४, अनि १८:८)

पानीद्वारा गरिएको विधिले नै ता बचाउने होइन। यसले ता खीष्टको मृत्यु र पुनरुत्थानद्वारा बचाउनु हुने परमेश्वरमा पाइने विश्वास, पश्चाताप र शुद्धता मात्र बुझाउँछ। (प्रेरित २२:१६, १ पत्रुस ३:२१)

मण्डलीका एल्डरहरुले पिता, पुत्र अनि पवित्र आत्माको नाउँमा बप्तिस्मा दिन्छन्। (मत्ती २८:१९)

बप्तिस्मा भनेको पापको लेखि खीष्टसित मर्नु अनि नयाँ जीवनको निम्ति उहाँसितै बौरी उठ्नु हो। (रोमी ६:३-८)



प्रभुभोज

प्रभुभोजमा, हाम्रो लागि उहाँको मृत्युको सम्झना गर्नको निम्ति येशू खीष्टले हामीलाई आज्ञा गर्नुभयो (लूका २२:१९)। यसले नयाँ करारलाई निश्चित तुल्याउँछ, जसमा खीष्टको र गतको कारण हाम्रा पापहरुको क्षमा भएको छ (मत्ती २६:२६-

२८)। रोटी र दाखरसद्वारा हामी ख्रीष्टको देह र रगतमा सम्भागी बन्दछौं । (१ कोरन्थी १०:१६) यसले हामीलाई यो पनि स्मरण गराउँदछ कि ख्रीष्ट फेरि आइरहनु भएको छ । (१ कोरन्थी ११:२६)

प्रभुभोज बप्तिस्मा लिएका विश्वासीहरुको निम्ति हो । (प्रेरित २:३८-४२) प्रभुभोज लिनुभन्दा अघि हामी आफूलाई जाँच्छौं, अनि परमेश्वरको अघि हाम्रा पापहरु स्वीकार गर्दछौं । (१ कोरन्थी ११:२७-३२)

शुरुमा, प्रभुभोज दिनहुँ मनाइन्थ्यो । (प्रेरित २:४२,४६) पछिबाट, त्रोआसमा भएको मण्डलीमा रोटी भँचाइको निम्ति हरेक आइतबार भेला हुन थाल्यो । (प्रेरित २०:७)

"मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा र हन्छु...।" (यूहन्ना ६:५६)

प्रभुको दिन

नयाँ करारमा साताको पहिलो दिनलाई "प्रभुको दिन" भनिन्छ (प्रकाश १:१०) किनभने साताको पहिलो दिनमा प्रभु मृत्युबाट बौरी उठ्नु भयो । (यूहन्ना १९, यूहन्ना २०:१) साताको पहिलो दिनमा विश्वासीहरु "रोटी भँचाइ", शिक्षा, आराधना, अनि भेटी संकलनको निम्ति भेला हुन्थे । (१ कोरन्थी १६:१-२)

पुरानो करारमाझैं, विश्रामको दिन पालन गर्नुपर्ने कुनै कराकर छैन । (रोमी १४:५,६, कलस्सी २:१६) सातौं दिनले पुरानो सृष्टिलाई हेर्दछ (प्रस्थान २०:११), पहिलो दिनले येशू ख्रीष्टको नयाँ सृष्टिलाई हेर्दछ । (कलस्सी १:१८) आइतबार मान्नुपर्ने कुरो ख्रीष्टको आज्ञा होइन, तर यो ता प्रेरितहरुले त्यो दिनमा भेला हुने गरेको दिन हो ।

हामी इसाईहरु कुन करारका हौं, पुरानो कि नयाँ ?

_____

मण्डली अनि राज्य

समाज व्यवस्थित ढङ्गमा चलोस् भनेर परमेश्वरले राष्ट्रहरु अनि तिनीहरुका सरकारहरु स्थापित गर्नुभयो । हामीले अधिकारीहरुको लागि प्रार्थना गर्नुपर्छ, अनि तिनीहरुको हुकुम पालन गर्नुपर्छ । (रोमी १३:१-७, १ तिमोथी २:१-२) असल नागरिकहरुको हैसियतमा हामी समाजमा सहभागी बन्दछौं, अनि परमेश्वरको व्यवस्थाको विरोध नभएसम्म हामी यहाँको व्यवस्था पालन गर्दछौं । प्रभुले नै हाम्रो विवेकलाई शासन गरुन् । (प्रेरित ५:२६-२९)

हामीले चर्च (मण्डली) र राज्यमा भिन्नता ल्याउनै पर्छ । एउटाले अर्कोलाई शासन गर्ने प्रयास गर्नुहुन्न । खीष्टले भन्नु भयो: *"जो सिजरको हो, सिजरलाई देओ, अनि परमेश्वरको पर मेश्वरलाई ।"* (मत्ती २२:२१) यूहन्ना १८:३६ मा उहाँले यसो पनि भन्नुभयो: *"मेरो राज्य यस संसारको होइन ।"*

मण्डलीले सरकारलाई सकेसम्म सहयोग गर्दछ, तर जब मण्डली राज्यमा सहभागी बन्न थाल्छ, मण्डली सांसारीक, क्षणभङ्गुर सरकारको हतियार मात्र बन्न पुग्छ ।

येशू खीष्टको मण्डली विश्वव्यापी, आत्मिकी, अनि अनन्तकालीन हो । मण्डली र राज्य भिन्ना भिन्नै संस्थाहरु हुन् । सम्भव भएसम्म हामी निश्चित हुनु पर्छ, कि सरकार का सदस्यहरुले परमेश्वरको नियम जानून् ताकि उनीहरुले पर मेश्वरको वचन अनुसार राज्यका नियमहरु बनाउने छन् ।

कुन बेला राज्यको कानून पालन गर्न सकिन्न ?

(तपाईंको उत्तरलाई प्रेरित ५:२९ सित दँजाउनु होस्)

आत्मिकी जीवात्माहरु

स्वर्गदूतहरु

परमेश्वरले स्वर्गदूतहरु सिर्जना गर्नुभयो । उनीहरु उहाँको सेवा गर्ने आत्मिकी जीवात्माहरु हुन् । (हिब्रू १:७, प्रकाश ५:११) तिनीहरुले उद्धार पाएकाहरुको पनि सेवा र सुरक्षा गर्दछन् । (हिब्रू १:१४) तिनीहरुसँग शक्ति छ, तर परमेश्वरसँग जस्तो होइन, अनि तिनीहरुले हरेक कुरो जान्दैनन् । हामी तिनीहरुको आराधना गर्दैनौं । (१ पत्रुस १:१२, प्रकाश १९:९-१०) प्रभुको दोस्रो आगमनमा उनीहरु उहाँसँगै आउनेछन् । (मत्ती २५:३१)

भूतात्माहरु

शैतान त एक पटक ज्ञानी अनि सुन्दर करुबीम, अर्थात लुसिफर थियो । (इजकिएल २८:१२-१९) तर त्यो परमेश्वर को विरुद्ध वागी बन्यो, अनि त्यसले अरु स्वर्गदूतहरुलाई पनि आफूसँगै तान्यो ।

यी पतित स्वर्गदूतहरु नै आजका दुष्ट आत्माहरु हुन्, जसले संसारमा नराम्रो प्रभाव फैलाइरहेको छ (एफिसी २:१-३)। शैतानले हामीलाई परीक्षामा पार्दछ अनि दोष लाउँछ (मत्ती ४:३, प्रकाश १२:१०)। भूतात्माका पल्टनले कहिले काहीँ अत्याचार गर्दछ अनि मानिसहरुमाथि शासन जमाउँदछ (लूका ८:२६-३३)। तिनीहरुले मण्डलीमा झूटा शिक्षाको बिऊ पनि छर्दछन् । मानिसहरुलाई छक्याउनुको लागि तिनीहरुले स्वर्गदूतको भेष धारण गर्दछन् । (मत्ती ७:१५, २ कोरन्थी ११:१३-१५, १ तिमोथी ४:१)

शैतान र भूतात्माहरुले वाधा पुऱ्याए तापनि, हामी इसाईहरुले चाहिँ परमेश्वरको राज्य विस्तार गर्नुपर्दछ । जसै हामी विश्वासमा प्रार्थना गर्दछौं, सुसमाचार प्रचार गर्दछौं, उपवास बस्दछौं, अनि धार्मिक तथा उज्यालो जीवन जिउँदछौं, हामी आत्मिकी संघर्षमा सहभागी भएका छौं । अन्तिम न्यायमा, शैतान र पतित आत्माहरु, अनि जो जतिले खीष्टको मुक्तिलाई इन्कार गरेका छन्, ती सबै, आगोको कुण्डमा सजायको निम्ति फालिनेछन् ।

अधिक जानकारीको लागि “अन्धकारमाथि विजयी बन्दै जानु” पाठलाई हेर्नोस् ।

भविष्य

ख्रीष्टको दोस्रो आगमन

हाम्रो प्रभु मरेकाहरुलाई ब्युँताउन, आफ्नो मण्डलीलाई उठाइलैजान, अनि संसारको न्याय गर्न उहाँका दूतहरुसित आउँदै हुनुहुन्छ ।

- हाम्रा प्रभु येशू ख्रीष्टको दोस्रो आगमन देखिने रुपमा हुनेछ । (मत्ती २४:३०, प्रेरित १:११, प्रकाश १:७)

- उहाँ रातमा चोर आए जस्तै गरी, कसैले नसोचेको बेला, अचानक आउनुहुनेछ । (मत्ती २४:४२-४४, २ पत्रुस ३:१०)

- आफूले उद्धार गरेकाहरुलाई महिमित पार्न अनि एक नयाँ सृष्टि सिर्जना गर्न उहाँ आउनु हुनेछ । (रोमी ८:११, १९-२३, २ पत्रुस ३:१३, प्रकाश २१:१)

- उहाँले मरेकाहरुलाई ब्युँताउनु हुनेछ, अनि जीवितै र हेकाहरुलाई परिवर्तन गर्नुहुनेछ ।
  (१ कोरन्थी १५:५१-५२, १ थिस्स ४:१६-१७)

- उहाँले संसारको न्याय गर्नुहुनेछ । (२ थिस्स. २:१-८, २ पत्रुस ३:७-१०)

प्रभु कहिले आउनु हुनेछ भनी कति मानिसहरुले हिसाब पनि गर्ने प्रयास गरे । उदाहरणको लागि, "यहोवाको साक्षी" नामक पन्थले प्रभु येशू सन् १९१४ मा आउनु हुनेछ भनी हिसाब गरे । केही भएन । तर उहाँ नदेखिने गरी आउनु भयो भनी उनीहरुले अझ पनि जबर्जस्ती गर्दछन् ! अझ अघि, "एडभेन्टिस्ट" पन्थकाहरुले पनि प्रभु सन् १८४३ आउनु हुनेछ भनी हिसाब लाएका थिए ।

मत्ती २४:२३-२७ मा येशूले हामीलाई चेताउनी दिनुहुन्छ:

"त्यस बेला, तपाईंलाई यदि कसैले 'हेर, खीष्ट यहाँ छन्, कि त्यहाँ छन्' भन्यो भने विश्वास नगर । किनकि झूटा खीष्टहरु, र झूटा अगमवक्ताहरु खडा हुनेछन्, र हुन सके चुनिएकाहरुलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरु र आश्चर्यका कामहरु देखाउनेछन् । याद राख, मैले तिमीहरुलाई अघिबाटै भनिदिएको छु । यदि तिनीहरुले तिमीहरुलाई 'हेर, उनी उजाड-स्थानमा छन्' भनी भन्छन् भने

बाहिर निस्केर नजाओ। अनि 'हेर, उनी भित्री कोठाहरुमा छन्' भने पनि विश्वास नगर। किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ।"

पुनरुत्थान

ख्रीष्ट मरेकाहरुबाट ब्युँतनुभयो अनि स्वर्गारोहण हुनुभयो। नयाँ करारमा भएको महानतम् आश्चर्यकर्म यही हो। उहाँको पुनरुत्थानद्वारा येशू ख्रीष्टले हामीलाई नयाँ जीवन दिनुहुन्छ अनि उहाँको अनन्त जीवनको सहभागी बनाउनु हुन्छ। (१ कोरन्थी १५:१७-२३, एफिसी २:४-७, १ पत्रुस १:३)

न्यायभन्दा अघि, सबै जना मृत्युबाट बौरी उठेका हुनेछन्। जसले उहाँलाई चिनेका छन्, ख्रीष्टले उनीहरुलाई अनन्त जीवनको निम्ति ब्युँताउनु हुनेछ। अधर्मीहरु चाहिँ नरकमा "दोस्रो मृत्यु"को निम्ति ब्युँताइने छ। (यूहन्ना ५:२५-२९, प्रकाश २०:११-१५)

जब एक विश्वासी मर्दछ, उनी पुनरुत्थानसम्मको लागि "सुतेका" हुन्छन् । (१ थिस्स् ४:१३-१७) विगत, वर्तमान र भविष्यमा सीमित नहुनु भएका परमेश्वरले पुनरुत्थान भइसकेको रुपमा हेर्नुहुन्छ । (यूहन्ना ५:२५, लूका २३:४३, २ कोरन्थी ४:१४-१८, अनि ५:१-८, एफिसी २:६, फिलिप्पी १:२१-२३)

येशूले भन्नुभयो: *"त्यो समय आइरहेछ, र त्यो समय अहिले हो, जब मृतकहरुले परमेश्वरका पुत्रको सोर सुन्नेछन्, र सुन्नेहरु बाँच्नेछन् ।"* (यूहन्ना ५:२५) समयले परमेश्वरलाई सीमित पार्न सक्तैन । प्रभुको निम्ति, एक दिन एक हजार वर्ष जस्तो हो, अनि एक हजार वर्ष एक दिन जस्तो हो । (२ पत्रुस ३:८)

किन येशूले हाम्रो पुनरुत्थानको सम्बन्धमा चाहिँ "यो आइर हेछ, अनि यो आइसकेको छ" भन्नुभयो ? कतिले यसप्रकार को व्याख्या दिएका छन्– येशूले भन्नुभए जस्तै गरी परमेश्वर सदा-वर्तमान कालअनुसार हुनुहुने भएको कारण हामीहरुको पुनरुत्थान भइसकेको छ, तर हाम्रो निम्ति चाहिँ हुनेवला छ

(भविष्यमा, मानिसको लौकिक समयअनुसार)। हामी जो मर्दछौं, हामी प्रभुसित, परमेश्वरको हातमा छौं, जो हामीले यस लौकिक संसारमा जानेको समयभन्दा बाहिर जिउनुहुन्छ । यसैकारण, उहाँ आउनुहुने बित्तिकै हामी परिवर्तन भएर उहाँकहाँ लगिन्छौं । यो काम परमेश्वरले कसरी गर्नहुन्छ, सो ईश्वरशास्त्रीहरु पनि एकमत हुन गाह्रो भएको एक रहष्यकै कुरो भएको छ ।

अन्तिम न्याय

अन्तिम न्यायमा, उनीहरुले अनन्त सजाय पाउनेछन्, जसका नाउँहरु जीवनको पुस्तकमा लेखिएका छैनन् । तिनीहरु उनै हुन् जसले खीष्टलाई प्रभु र मुक्तिदाता भनी ग्रहण गरेका छैनन् । यूहन्नाले प्रकाश २०:११-१५ मा न्यायको दर्शन अनि आगोको कुण्ड देखेका थिए ।

अविश्वासीहरुको अन्तिम न्याय उनीहरुको कामअनुसार हुनेछ । (प्रकाश २०:१२) परमेश्वरको न्याय सिद्ध छ । सजाय सिद्ध रुपमा न्यायपूर्वक हुनेछ, जसरी उनीहरुले खीष्टको प्रवन्धलाई इन्कार गरेका छन् त्यसैको आधारमा ।



स्वर्ग चाहिँ येशू ख्रीष्टलाई आफ्ना जीवन दिनेहरुको निम्ति परमेश्वरको अनुग्रह र कृपाको ठाउँ हो ।

सारांश जाँच

१. “त्रिएक” शब्दको अर्थ के हो ?

_____

२. कसरी कुनै पनि व्यक्तिको उद्धार हुनसक्छ ?

_____

३. किन काम विनाको विश्वास मरेतुल्य हुन्छ ?

_____

_____

अभ्यासको काम

- अलिअलि गरेर, यो पाष्टरीय अध्ययनमा व्याख्या गरिएका सिद्धान्तहरु आफ्ना मानिसहरुलाई बुझाइदिनोस् ।

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

042NP01A-01